/

## संवत् २०७९ साल चैत्र २९ गते बसेको कार्यपालिका बैठकका निर्णयहरुः

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | कृषि तथा पशु पशुपन्छी | चालु आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रममा समावेश अर्ग्यानिक अपि अन्तरगत कोशेली घर कार्यक्रम संचालनका लागि अपि बहुउद्धेश्य सहकारी संस्था लिमिटेड अपिहिमाल ४ सँग सम्झौता गरी जिम्मेवारी दिने । |
| २. | शिक्षा युवा तथा खेलकुद | कक्षा थपका लागि आवश्यक प्रकृया पुरा गरी निवेदन दिएका विद्यालयहरु श्री चौलानी आधारभूत विद्यालय (०-४) तल्लोफेर, श्री गौरी शंकर आधारभूत विद्यालय (०-५) मज्जे र श्री अपिनम्पा आधारभूत विद्यालय (०-४) पाटुको कक्षा थप नगर्ने । |
| ३. | | चालु आर्थिक वर्ष २०७/०८० को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम पाठयोजना तथा कार्यपुस्तिका शीर्षकमा विनियोजन भएको बजेटबाट पाठ योजना तथा कार्यपुस्तिका सम्बन्धी सामग्रीहरु खरिद गरी श्री सुर्मा भवानी आधारभूत विद्यालय थुम्ती, श्री खण्डेश्वरी मा.वि.क्षेत्ती र श्री तामाखानी भगवती आधारभूत विद्यालय चौविसनलाई उपलब्ध गराउने । |
| ४. | | यस गाउँपालिकाको प्रतिनिधित्व गर्दै मितिः२०७९/११/१२ देखि १८ गते सम्म भएको जिल्ला स्तरीय राष्ट्रपती रनिङशिल्ड प्रतियोगितामा स्वर्णपदक प्राप्त गर्ने सहभागी विद्यार्थिहरुलाई नियमानुसारको करकट्टी गरी रु.७००० (अक्षरुपी सात हजार रुपैयाँ मात्र) र रजत पदक प्राप्त गर्ने सहभागी विद्यार्थिहरुलाई नियमानुसारको करकट्टी गरी रु.५००० (अक्षरुपी पाँच हजार रुपैयाँ मात्र) प्रोत्साहन तथा पुरस्कार शिर्षकबाट पुरस्कार दिने । |
| ५. | | मिति २०७९/१०/२१ देखि २३ गते सम्म संचालन भएको गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्डमा प्रतिवडा रु.५०,०००/-(अक्षरुपी पचास रुपैयाँ मात्र) का दरले जम्मा रु ३,००,०००/-(अक्षरुपी तिन लाख रुपैयाँ मात्र) खेलकूद विकास कार्यक्रम शीर्षकबाट भुक्तानी दिने । |
| ६. | पूर्वाधार विकास शाखा/योजना | यस गाउँपालिकाको वडा नं. ६ मा निर्माण सम्पन्न वडा कार्यालयको फिल्ड, सिडी सहित पि.सि.सि. निर्माण योजनाको भुक्तानी कन्टेन्जेन्सी शिर्षकबाट दिने । |
| ७. | | भू-उपयोग सम्बन्धी ऐन, २०७६ को दफा २० तथा अपिहिमाल गाउँपालिकाको भू-उपयोग कार्यविधि, २०७९ को दफा १८ बमोजिम गाउँपालिकाको भू-उपयोग कार्यान्वयन समिति गाउँपालिका अध्यक्ष ज्यूको अध्यक्षतामा १४ सदस्यीय समिति गठन गर्ने र सबै वडामा अपिहिमाल गाउँपालिकाको भू-उपयोग कार्यविधि, २०७९ को दफा १९ बमोजिमको वडा स्तरीय भू-उपयोग समिति गठन गर्ने । |

इन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | |
|---|---|---|
| ८. | | चालु आर्थिक वर्ष २०७९/०८० मा प्रचलित कानून वमोजिम बोलपत्र आह्वान गरी सम्झौता भएका यस गाउँपालिकाका मकरीकोट देखि खात्ती सम्म पर्यटकीय पि.सि.सि.पदमार्ग निर्माण कार्य वडा नं.४ को ठेक्का नं.03-079-080 / MKTPPCW/ NCB/ AHRM र ढलनिकास निर्माण अपिहिमाल वडा नं. ४ को ठेक्का नं.04/ 079/ 080/ LSSFA/ NCB/ AHPM बाट बचेको रकमबाट पुनःहार्डकपी खुल्ला बोलपत्र आह्वान गर्ने । |
| ९. | | नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७९/११/०४ गतेको निर्णय तथा नेपाल राजपत्र भाग ५ खण्ड ७२, संख्या ६९ मिति २०७९/१२/२० को सूचना अनुसार यस गाउँपालिकाको वडा नं.४ मा औद्योगिक ग्राम स्थापना गर्ने निर्णय भएको, उक्त औद्योगिक ग्रामका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्राप्त भएको अनुदान वजेटबाट औद्योगिक ग्रामको संरचना निर्माणका लागि सार्बजनिक खरिद ऐन अनुसार E-biding मार्फत निर्माण कार्य संचालन गर्ने । |
| १०. | | यस गाउँपालिकाको वडा नं.३ मा रहेको शुर्मभवानी आधारभूत विद्यालय थुम्तीमा निर्माण सम्पन्न बहुउद्धेश्य फिल्ड निर्माण योजनाको भुक्तानी प्राविधिक मुल्याकंनका आधारमा कन्टेन्जेन्सी शीर्षकबाट भुक्तानी दिने । |
| ११. | | चालु आर्थिक वर्ष २०७९/०८० मा निर्माणाधिन रहेको मकरीकोट देखि खात्ती सम्मको पर्यटकीय पिसिसि पदमार्ग निर्माण कार्य वडा नं.४ (ठेक्का नं.03-079/080/ MKTPPCW/ NCB/ AHRM) को **देउल्याड** खण्डमा जग्गाधनीहरुले विवाद गरी बाटो निर्माण कार्य गर्न नदिएकोले सो क्षेत्र बराबरको कार्य बरौंसेपानी देखि तामाखानी भवगवती आधारभूत विद्यालय सम्म निर्माण कार्य गराउन साइट दिन पूर्वाधार विकास शाखालाई स्वीकृति तथा निर्देशन दिने । |
| १२. | | यस गाउँपालिकाको २ नं. वडा कार्यालय घुसाको निर्माण कार्यको ठेक्का प्राप्त श्री क्रेटर कन्सट्रक्सन प्रा.लि.ले यातायातको असुविधाका कारण समयमै योजना स्थलमा बाह्य निर्माण सामग्री ढुवानी गर्न समस्या भएकाले निर्माण कार्य दोस्रो पटकको म्याद थपका लागि परिमार्जित कार्यतालिका सहित निवेदन पेश गरेको हुँदा उक्त ठेक्का नं.०२/०७८-०७९/ NCB/GBCW/AHRM) को म्याद २०८०/०३/२० गते सम्मका लागि थप गर्ने । |
| १३. | योजना अनुगमन मुल्याकंन | चालु आर्थिक वर्ष २०७९/०८० को सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत ४२ जना लाभग्राहीहरु छनौट गरीएका हुँदा सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ अनुसार आवश्यक प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने । |
| | | जिल्ला समन्वय समितिको कार्यालय, खलंगा दार्चुलाबाट प्राप्त भएका यस गाउँपालिका |

इन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनसेरा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | |
|---|---|---|
| १४. | | भित्रका गरिव परिवारहरुको परिचयपत्र वितरण गरिव परिवार परिचयपत्र वितरण कार्यविधि,२०७९ को दफा ६ को उपदफा (२) र (३) बमोजिम गर्न सबै वडा कार्यालयसंग समन्वय गरी परिचयपत्र वितरण गर्न कार्यालयलाई निर्देशन दिने । |
| १५. | | यस गाउँपालिका भित्ररहेका वडाहरुमा मिति २०७९/०६/०५ देखि २०७९/०७/२३ गते सम्म संचालन भएको राष्ट्रिय परिचय पत्र बनाउने कार्यक्रममा खटिई आएका कर्मचारीहरुको खाना/नास्ता र मेसिनरी औजारहरु ढुवानी गरे वापतको रकम विल भरपाई अनुसार कन्टेन्जेन्सी शीर्षकबाट भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने । |
| १६. | प्रशासन शाखा | यस गाउँपालिकाको वडा नं.४ स्थित रहेको खण्डेश्वरी वर्थिङ सेन्टरमा व्यवस्थापन सामग्री नहुँदा सेवा प्रवाहमा समस्या भएकोले पालिका बाट चुलो एकसेट ,भाँडाकुडा एकसेट, डस्ना-२ र कम्बल-२ वटा खरिद गरी वर्थिङ सेन्टरलाई उपलब्ध गराउ कार्यालयलाई निर्देशन दिने । |
| १७. | | यस गाउँपालिकाको कार्यालयका शाखा, उपशाखा, इकाई र वडा कार्यालयहरुमा सेवा करारमा कार्यरत कार्यालय सहयोगी, गाउँपालिकाको कार्यालयको सुरक्षार्थ रहेका पाले/ चौकीदारहरुको सेवा अवधी (करार म्याद) मिति २०८०/०१/०१ गते देखि थप नगर्ने, अन्य कर्मचीहरुको करार अवधी थप गर्ने र अवोप्रान्त करार सेवा लाई थप व्यवस्थित वनाउन करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्यांकन तथा नयाँ अवधीको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ वमोजिम व्यवस्थापन गर्ने । |
| १८. | | यस गाउँपालिकामा अवस्थित अपिवेश क्याम्प लगायत अन्य हिमालहरु सम्म स्वदेशी तथा विदेशी पर्यटक भित्र्याउन पदमार्गलाई जिपिएस सहितको नक्सांकन, तथ्यांक संकलन, 2D Plating जस्ता कार्य गर्नका लागि गाउँपालिकाको कार्यालयबाट प्रचलित कानून बमोजिम छनौट गरेको परामर्शदाता हिमालयन आउटडोर म्याप्स प्रा.लि.टोखा न.पा.४ काडमाण्डौं सँग गरेको सम्झौतालाई स्वीकृति समर्थन गरी परामर्शदाता प्रा.लि.ले कार्य सम्पन्न गरे पश्चात सम्झौता अनुसारको रकम भुक्तानी दिन कार्यालयलाई स्वीकृती र निर्देशन दिने । |
| १९. | स्वास्थ्य | द्रुत प्रतिकार्य टोली तथा आपतकालिन चिकित्सकिय समुह परिचालन सम्बन्धी निर्देशिका, २०७९ को दफा (१०) बमोजिम यस गाउँपालिकाका अध्यक्ष ज्यूको संयोजकत्वमा ५ सदस्यीय पदाधिकारी रहने गरी स्थानीय द्रुत प्रतिकार्य समिति गठन गर्ने । |
| २०. | | नसर्ने रोगहरुको रोकथाम र नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना २०२१-२०२५को अनुसूची-७ बमोजिम यस गाउँपालिका अध्यक्ष ज्यूको अध्यक्षतामा ७ सदस्यीय स्थानीय समन्वय समिति गठन गर्ने । |

इन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

| | | |
|---|---|---|
| २१. | आर्थिक प्रशासन | चालु आ.व.२०७९/०८० को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम घरभाडा शिर्षकमा विनियोजन भएको रकम वडा कार्यालय, गाउँपालिकाको कार्यालय लगायतको घरभाडा भुक्तानी गर्न अपुग भएकाले कर्मचारी तालिम शीर्षक बाट रु.२,००,००० (अक्षरुपी दुई लाख रुपैयाँ मात्र) रकमान्तर गर्ने। |
| २२. | | आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रममा वृक्षारोपण तथा जडीबुटी उत्पादनका लागि अनुदान शीर्षकमा विनियोजन भएको बजेट यस गाउँपालिकाको कार्यालयमा सुचिकृत रहेका गाउँपालिका भित्रका सामुदायिक वनहरुको नविकरणको कार्य गर्न वन नविकरण सेवा परामर्शमा रकमान्तर गर्ने र नविकरण सम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाई कार्य सम्पन्न गर्न कार्यालयलाई स्वीकृति र निर्देशन दिने। |
| २३. | पंजिकरण सेवा इकाई | यस गाउँपालिका भित्र रहेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको सहजताका लागि वडा स्तरमै गई सामाजिक सुरक्षा भत्ता वितरण गर्न खटिने माछापूच्छ्रे बैंक शाखाका कर्मचारी र सुरक्षाकर्मीहरुलाई प्रति दिन रु.१२०० (अक्षरुपी एक हजार दुई सय रुपैयाँ) मा नियमानुसार करकट्टी गरी अन्य भत्ता शिर्षकबाट भत्ता उपलब्ध गराउने। |

ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल